# शोध निर्देशकको मन्तव्य

"दार्जीलिङ्का आधुनिक नेपाली उपन्यासका प्रवृत्तिहरूको विश्लेषण तथा मूल्याङ्कन ( सन् १९३६ देखि सन् १९६४ सम्म )" शीर्षक भएको यो विद्यावारिधि ( पी० एच० डी० ) शोध-प्रबन्ध मोहनप्रसाद दाहालले मेरो निर्देशनमा शोध सम्बन्धी नियम र अनुसन्धानतर्फ विशेष सचेत रही तयार पारेका हुन् र यो शोधकार्य विशेषत: दार्जीलिङ्को नेपाली साहित्यको संवर्द्धन र सन् १९३६ देखि सन् १९६४ सम्मका यहाँका पाँचवटा प्रतिनिधि औपन्यासिक कृतिहरूको अध्ययन र विश्लेषणमा निर्दिष्ट छ ।

यस शोध-प्रबन्धमा विश्लेषणका क्रममा सम्बन्धित विषयमा लेखिएका पूर्वकार्यको विवरण प्रस्तुत गरेर सैद्धान्तिक दृष्टिमा उपन्यासको स्थिति, औपन्यासिक प्रवृत्तिहरूको विश्लेषणात्मक व्याख्या गर्दै नेपाली उपन्यास परम्परामा दार्जीलिङ्का प्रतिनिधि उपन्यास कृतिहरू ( सन् १९३६ देखि सन् १९६४ सम्म )-का प्रवृत्तिगत र कृतिगत स्वरूप एवं मूल्यवत्ताको पनि विवेचना गरिएको छ । यसै सिलसिलामा आलोच्य प्रतिनिधि उपन्यास कृतिहरू सम्बन्धी पूर्व स्थापित निर्धारणको सत्योद्घाटन गर्दै यसको परिमार्जित स्वरूप स्थापना गर्ने सत्प्रयास भएको छ । यसरी प्रस्तुत शोध-प्रबन्धमा विषयलाई समीक्षात्मक, तुलनात्मक एवं विश्लेषणात्मक ढङ्गले विवेचना गर्दै परिणाम पनि निकालिएको छ र निष्कर्षमा सम्पूर्ण शोधकार्यको आधारभूत प्राप्ति र स्थापनाहरूलाई बुँदाका रूपमा राखिएको छ ।

प्रस्तुत शोध-प्रबन्धलाई जम्मा सात ( १ + ६ = ७ ) अध्यायमा विभाजित गरिएको छ । परिचिति अध्यायमा शोध-प्रबन्धको परिचय र पहिलो अध्यायमा दार्जीलिङ० पहाडी अञ्चलमा नेपाली उपन्यास साहित्यको प्रारम्भ र विकासको पृष्ठभूमि स्वरूप नेपाली भाषा-साहित्यको प्रचार-प्रसार सम्बन्धी ऐतिहासिक कारक र कारणहरू विवेचना गरेर सन् १९३६ - १९६४ बीचका उपन्यास र उपन्यासकारहरूसँग परिचय गराइएको छ । दोस्रो अध्यायमा उपन्यासको स्रोत, परिचय, परम्परा र स्वरूप विवेचना गरी साहित्यमा

प्रचलित वादगत तथा आत्मगत एवं प्रस्तुतिगत प्रवृत्ति र विधिहरूको सैद्धान्तिक विवेचना पनि गरिएको छ भने तेस्रोदेखि पाँचौं अध्यायहरूमा यिनै सैद्धान्तिक आधारमा क्रमशः रूपनारायण सिंह, लैनसिंह बाङ्‌देल र इन्द्रबहादुर राईका प्रतिनिधि उपन्यास कृतिहरूको सघन समीक्षा र विश्लेषण गरिएको छ ।

प्रस्तुत शोध-प्रबन्धले कतिपय नवीन तथ्यहरू अनुसन्धान गरी प्रमाणयुक्त तथ्याङ्‌कन र तथ्यगत अन्तर्सम्बन्धहरूको प्रामाणिक विश्लेषण गर्नुका साथै दार्जीलिङमा नेपाली उपन्यासको विकास-प्रक्रियाको कालक्रमिक विवेचनात्मक व्याख्या गर्दै सन् १९३६ - १९६४ बीचका प्रतिनिधि औपन्यासिक कृतिहरूको विषयवस्तु, संरचना, कथानक र कथनपद्धति, पात्र एवं चरित्र-चित्रण, देश-काल-वातावरण, भाषा-शैली तथा भाव, विचार र उद्देश्यका आधारमा अन्तरङ्‌ग विश्लेषण र मूल्याङ्‌कन समेत प्रस्तुत गरेको छ । अतः यस शोधकार्यले दार्जीलिङ्‌की नेपाली उपन्यास साहित्य सम्बन्धी गवेषणाका क्षेत्रमा उल्लेखनीय अवदान दिएर नवीन आयाम थपेको छ ।

प्रस्तुत शोध-प्रबन्धबाट नेपाली साहित्यको शोध परम्परामा गवेषणामूलक प्रामाणिक र तार्किक प्रक्रियाको आधारमा सत्यको अनुसन्धान , अन्वेषण र उद्घाटन हुन गई प्राज्ञिक ज्ञानको क्षेत्र विस्तारमा पनि थप उल्लेखनीय योगदान समेत प्राप्त भएको म ठान्दछु ।

अन्त्यमा, म यस विद्यावारिधि (पी० एच० डी०) शोध-प्रबन्धलाई उत्तर बङ्‌ग विश्वविद्यालयमा समुचित मूल्याङ्‌कन गर्नको निम्ति सिफारिस गर्दछु ।

मिति 22.6.1998

(डा० तुलसीबहादुर क्षेत्री)